Regd No.: 523/056/057 PAN No.: 303414201

तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
TARAKARI PHALAFOOL SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
कालिमाटी, काठमाडौं, फोन: ४१२३१२९

## संस्थाको परिचय

वि.सं.२०५६ साल माघ २१ गते ३० जना सदस्यहरुवाट ३१९००।–(अक्षरुपी एकतीस हजार नौ सय मात्र) शेयरपुँजी संकलन गरी तरकारी तथा फलफूलको व्यवसायीमाभ्र वित्तिय छहारीको रुपमा स्थापित तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था हो । यस सहकारी संस्थाले छरिएर रहेको रकम संकलन गरी पूँजी निर्माण गर्ने साथै बचत गर्ने बानी विकास गरी संकलित रकमलाई कर्जा मार्फत व्यवसाय बृद्धिका लागि लगानी गर्ने र सदस्यको जिवनस्तर उकास्ने साथै सदस्यहरुको हितका लागि सामाजिक गतिविधिका कार्य गर्ने गरी आफ्नो लक्ष्य,उद्देश्य र ध्येयको निर्माण गरेर काठमाडौं कार्यक्षेत्र कायम गरी विधिवत रुपमा डिभिजन सहकारी कार्यालय काठमाडौमा दर्ता गरी कारोवार शुरु गरेको हो ।

## संस्थाको परिकल्पना :-

कृषि उपज खासगरी तरकारी फलफूलका व्यवसायीहरुको हितप्रवर्द्धकको रुपमा सहकारीताको मूल्य र मान्यतामा आधारित तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था हो ।

## लक्ष्य

सदस्यहरुको आर्थिक एवं सामाजिक विकासका लागि तरकारी फलफूलको बजारीकरणमा आन्तरीक श्रोत साधनहरुको परिचालन गरी स्वावलम्वी भावनाको विकास गर्ने गराउने ।

## उद्देश्य

१. संस्थामा संलग्न सदस्यहरुमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने बानीको विकास गर्ने ।

२. सदस्यहरुको व्यक्तिगत एवं सामुहिक क्षमता अभिवृद्धि गरी स्वावलम्वी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुर्‍याउने ।

३. सदस्यहरुको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरु मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको राष्ट्रिय पूँजीको उपयोग बढाउने ।

४. सदस्यहरुको व्यवसायिक हित प्रवर्द्धन एवं राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन कृषि बजार विकास गर्ने ।

५. सदस्यहरुको दैनिक जीवनका विविध क्षेत्रमा संस्थागत सहयोग पुऱ्याउने खालका सेवामूलक कार्यक्रमहरु संचालन गरी सहकारिताको महत्व स्थापित हुने काम समुदायमा प्रदर्शित गर्ने ।

**व्यवस्थापन** :-

संस्थाको विनियम २०५६(पूर्नलेखन)२०६९ को व्यवस्था बमोजिम साधारण सभावाट निर्वाचित ७ जना संचालक सदस्य रहेको सञ्चालक समिति, ३ जना सदस्य रहेको लेखा सुपरिवेक्षण समिति छ। संस्थालाई आवश्यक सल्लाह एवं सुझाव दिनका लागि सल्लाहकारको व्यवस्था गरिएको छ। कर्जाको व्यवस्थापनका लागि विनियममा पदेन व्यवस्था भए बमोजिम अध्यक्ष, सचिव र प्रवन्धक रहेको ३ सदस्यीय ऋण उप-समिति क्रियासिल छ। विभिन्न समयमा आयोजना गरीने विविध कार्यक्रमका लागि बिभिन्न उपसमितिहरु गठन गरी कार्य सम्पादन गर्ने गरिएको छ। संचालकको तर्फवाट दैनिक कार्य हेर्नका लागि कार्यकारी प्रमुखको रुपमा अध्यक्षलाई जिम्मेवारी तोकिएको छ। अन्य कर्मचारीमा अधिकृत स्तरको ३ जना,सहायक स्तरका ९ जना, सहयोगी १,सुरक्षा गार्ड १ र बाह्य श्रोतबाट कम्प्युटर तथा स्वास्थ्य प्राविधिकको व्यवस्था गरीएको छ। विदाको आफ्नै क्यालेन्डर तयार गरी वार्षिक रुपमा सदस्यहरुलाई वितरण गरेर ३५० दिन कार्य सञ्चालन गर्दै आएको छ। बजार विकास समितिको भवनमा भाडामा लिई विहान ८:०० बजेदेखी बेलुका ५:०० बजेसम्म र सार्वजनिक विदाको दिन विहान ८:०० बजेवाट १२:०० बजेसम्म सदस्यलाई सेवा दिई संस्थाको कार्यालय सञ्चालन भई आएको छ।

**कार्यक्रम** :-

तरकारी फलफूलका व्यवसायी विच आर्थिक कारोवार सञ्चालन गरी आर्थिक अभिवृद्धि गर्नमा टेवा पुऱ्याउनु र यसको व्यवसायलाई दिगो र मर्यादित बनाउन कृषि बजार विकासमा सहयोग पुऱ्याउनु यसको मूलभूत उद्देश्य रहेकोले तपशिल बमोजिमको कार्यक्रमहरु निर्धारण गरिएको छ।

- सदस्यहरुमा बचत कार्यक्रम सञ्चालन गर्ने ।

- सदस्यहरुको व्यवसाय प्रवर्द्धनका लागि कर्जा प्रवाह गर्ने।
- व्यवसायीहरुको स्वामित्वमा कृषि बजारको स्थापना र सञ्चालनमा सहयोग गर्ने।
- सदस्यहरुको हितका लागि अन्य कार्य गर्ने।

## सदस्यता प्रदान

सहकारीका अन्तराष्ट्रिय ७ सिद्धान्तले प्रतिपादन गरेका पहिलो सिद्धान्त स्वेच्छिक तथा खुला सदस्यता लाई ध्यानमा राखी प्रत्येक महिनाको पहिलो शुक्रवार सदस्यता आवेदन फाराम भरिने र सोही महिनाको अन्तिम शुक्रवार सदस्य अभिमुखीकरण तालिममा सहभागि भई आवश्यक प्रक्रिया पुरा भएमा सञ्चालक समितिको निर्णयले सदस्यता प्रदान गर्नेछ।

## सदस्यता प्राप्ति सम्वन्धी आवश्यक जानकारी :-

- संस्थाको कार्यक्षेत्र भित्र बसोवास गरी तरकारी फलफूल विक्री व्यवसाय गरेको वा तत्तसम्वन्धी संघ/संथा र कार्यालयमा रहेको वा सो सम्वन्धि विशेषज्ञता हासिल गरेको।
- नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको ।
- संस्थाको सेवा उपयोग गर्न चाहने र जिम्मेवारी बहन गर्न स्वीकार गरेको।
- सदस्यले सिफारिस गरेको व्यक्ति।
- नेपाली नागरिकताको फोटोकपी, फोटो अनिवार्य र व्यवसाय गरेको प्रमाण भए प्रतिलिपी बुझाउने।
- संस्थाको विनियम, सदस्यता, बचत,कर्जा लगायतका अन्य निति नियमहरु स्वीकार गर्न मन्जुर व्यक्ति।
- स्विकृत विनियम बमोजिम प्रवेश शुल्क बुझाएको र शेयर खरिद गर्न मन्जुर।
- एउटै कार्यक्षेत्रभित्र भएको एकै प्रकृतिका सहकारी संस्थाहरुमा सदस्यता नभएको व्यक्ति।
- कानुनले अयोग्य नठराएको व्यक्ति।
- मासिक बचत अनिवार्य गर्नुपर्ने शर्त स्वीकार गर्ने व्यक्ति।
- कुनै वित्तिय तथा सहकारी संस्थाको कालो सूचिमा नपरेको व्यक्ति।

## सदस्यता कायम नरहने

- मृत्यु भएमा।
- मानसिक सन्तुलन गुमेको प्रमाणित भएमा।
- फौजदारी अभियोगमा सजाय पाएको।
- संस्था विघटन भएमा।
- संस्थाको सदस्यतावाट दिएको राजीनामा स्विकृत भएमा।
- संस्थाको विनियम तथा नीति पालन नगरेको कारण कारवाही गरी निष्कासन भएमा।
- संस्थालाई हानी नोक्सानी हुने काम गरेको प्रमाणित भएमा।
- नियमित बचतकर्ताको रुपमा सदस्य नभई ऋण लिने उद्देश्यले मात्र शेयर सदस्य भएमा।
- एउटै कार्यक्षेत्रभित्रको समान प्रकृतिको अन्य सहकारी संस्थामा सदस्य वा समितिको कुनै पदमा रहेको पाइएमा।

माथि जे सुकै उल्लेख गरेता पनि कुनै सदस्यले संस्थावाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्नुपर्ने वांकी बक्यौता भुक्तानी गर्न बांकी रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फवाट धितो वा जमानत बस्ने अरु कुनै सदस्यले संस्थाको सदस्यतावाट राजीनामा गर्न पाउने छैन। राजीनामा स्वीकृत भईसकेको रहेछ भने पनि निजले संस्थालाई तिर्नुपर्ने दायित्ववाट उन्मुक्ति पाउन छैन।

## सदस्यतावाट निष्कासन :-

देहायमा उल्लेख भए बमोजिमको अवस्थामा समितिको निर्णयानुसार कुनै सदस्यलाई सदस्यतावाट निष्कासन गर्न सकिनेछ।

- संस्थाको सञ्चालन र प्रगतिमा हानी हुने कुनै किसिमको कार्य गरे गराएमा।
- संस्थाको चल अचल सम्पत्ति हिनामिना गरेको प्रमाणित भएमा।
- संस्थाको सिद्धान्त वा प्रतिष्ठामा आंच आउने कार्य गरे गराएमा।
- संस्थाको विनियम तथा नीतिको उलंघन गरेमा।
- संस्थाको नियमित रुपमा बुझाउनुपर्ने बचत -(मासिक बचत) लगातार १

बर्षसम्म नबुझाएमा।

- वार्षिक रुपमा सहकारी संस्थालाई तिर्नु बुझाउनुपर्ने शुल्क नबुभाएमा।
- विनियममा व्यवस्था भएबमोजिम सदस्य हुन आवश्यक योग्यता नरहेमा।

## सदस्यको काम कर्तव्य र अधिकार :

- एक सदस्य एक मतको मताधिकार प्रयोग गर्ने।
- साधारणसभावाट निर्वाचित भई संस्थाको व्यवस्थापनको नेतृत्व लिने वा विभिन्न जिम्मेवारीमा सक्रिय सहभागिताका लागि सरिक हुने।
- संस्थामा नियमित रुपमा बचत गर्ने र सोमा निर्धारित व्याज प्राप्त गर्ने।
- संस्थाको ऋण नीतिको आधारमा ऋण प्राप्त गर्ने र सोको किस्तावन्दी रुपमा सांवा तथा व्याज नियमित रुपमा भूक्तानी गर्दै जाने।
- सदस्य एवं समूहको हितमा संचालकहरुलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने।
- संस्थाको साधारण सभामा सहभागी भई छलफलमा भाग लिने तथा संस्थाको गतिविधिका वारेमा जानकारी लिने।
- साधारणसभाको विभिन्न विषयमा गरिने निर्णयमा आफ्नो मतको प्रयोग गर्ने।
- संस्थाले सदस्यका लागि संचालन गरेका सुविधाको उपयोग निर्धारित विधि अनुसार गर्ने।
- सहकारीका प्रचलित कानून र सहकारी मूल्य र सिद्धान्त बमोजिम संस्था नचलेको अवस्थामा संस्थाको स्वीकृत विनियम बमोजिम संस्था शुद्धिकरणको अभियानमा सक्रियता लिने।

## बचत कार्यक्रम

संस्थाले सदस्यहरुको वीचमा निम्न बमोजिमको बचतका प्रकारहरु सञ्चालनमा ल्याएको छ,।

### क) मेगा बचत -

संस्थाका सदस्यहरुले आफूसंग भएको रकमलाई आफ्नो इच्छाअनुसार राख्न र झिक्न पाउने सुविधा भएको बचतलाई ऐच्छिक बचत भनिन्छ। यस अन्तर्गत मेगा बचत

पनि पर्दछ। यस बचतमा न्युनतम १०००।– भन्दा माथि संस्थाको क्षमता अनुसारको बचत रकम स्विकार गरिन्छ।

**ख) साधारण बचत - अनिवार्य**

दैनिक आम्दानी गर्ने सदस्यहरुको सुविधाका लागि दैनिक रुपमा संस्थामा आई अथवा संकलनको क्रममा फिल्डमा नै पुरुष सदस्यहरुले रकम जम्मा गर्न सक्ने किसिमको बचत यस अर्न्तगत पर्दछ। यस बचतमा न्युनतम रु १००।– भन्दा माथि आफ्नो क्षमताअनुसार जम्मा गर्न सक्नेछन्।

**ग) महिला बचत - अनिवार्य**

दैनिक आम्दानी गर्ने सदस्यहरुको सुविधाका लागि दैनिक रुपमा संस्थामा आई अथवा संकलनको क्रममा फिल्डमा नै महिला सदस्यहरुले रकम जम्मा गर्न सक्ने किसिमको बचत यस अर्न्तगत पर्दछ। यस बचतमा न्युनतम रु १००।– भन्दा माथि आफ्नो क्षमताअनुसार रकम जम्मा गर्न सक्नेछन्।

**घ) बाल बचत -**

सदस्यहरुको संरक्षकत्वमा १६ बर्षमुनिका बालबालिकाहरुले दैनिक वा मासिक रुपमा यस बचतमा सहभागि हुनसक्नेछन्। यस बचतमा न्युनतम रु १००।– भन्दा माथि आफ्नो क्षमताअनुसार रकम जम्मा गर्न सक्नेछन्। यस बचतको भुक्तानी भने एक आ.व मा १पटक मात्र गर्न सकिन्छ।

**ङ) मासिक बचत (सदस्यता)- अनिवार्य**

प्रत्येक महिनाको नियमित समयमा सदस्य रहंदासम्म अनिवार्य रुपमा सदस्यले जम्मा गर्न कवोल गरेको बचत नै मासिक बचत अथवा सदस्यता बचत हो। यस बचतमा न्युनतम रु १०००। देखि अधिक रु ५०००। सम्म जम्मा गर्न सकिनेछ। यस बचतको नियमितता अनिवार्य छ। यस बचत सदस्यहरुको संस्थाले उपलब्ध गराउने प्रत्यक्ष/परोक्ष सेवा सुविधासंग पनि सम्वन्धित छ। यस बचतको भुक्तानीको व्यवस्था निश्चित तोकिएको रकम मौज्दात राखेर मात्र प्राप्त गर्न सकिन्छ।

**च) भाडा बचत –**

सदस्यहरुको पसलको भाडा बुझाउनको लागि दैनिक रुपमा जम्मा गर्ने र मासिक

रुपमा बुझाउने सुविधाका लागि यो बचत खोलिएको हो । यस बचतको सेवा लिन चाहने सदस्यहरुले खाता खोली दैनिक जम्मा गर्ने र सहकारी संस्थामार्फत भाडा भुक्तानी गर्ने व्यवस्था रहेको छ । यो रकम सोही प्रयोजनको लागि मात्र उपयोगी छ । न्युनतम दैनिक रु १००। भन्दा माथि आफ्नो भाडा रकमको आधारमा दैनिक बुझाउन पर्ने रकम जम्मा गर्नुपर्ने छ । तोकिएको मितिसम्म रकम जम्मा नभई भाडा रकम नतिरिएमा सदस्य स्वयं जवाफदेहि हुनेछ । यस बचतमा तोकिएको व्याज प्रदान गरिनेछ ।

**छ) भ्रमण,पर्व,गहना बचत –**

सदस्यहरुको अनिवार्य आवश्यकता बाहेकका रुचि परिपूर्ति गर्नका लीग अथवा भ्रमण गर्न,पर्व मनाउन या आफ्नो रोजाई अनुरुपको गहना बनाउनको लागि रकम जम्मा गर्न यो बचत खोलिन्छ । यस बचतमा पनि न्युनतम रु १००।–भन्दा माथि आफ्नो आवश्यकता अनुसार रकम जम्मा गर्न सकिन्छ । यो बचतको भुक्तानी वर्षमा १ पटक मात्र हुनेछ । कार्यालय खुलेका सवै दिन रकम नियमित जम्मा गरेमा जम्मा रकमको २ प्रतिशत थप रकम प्रोत्साहन स्वरुप प्रदान गरिनेछ ।

**ज) आवधिक बचत –**

सदस्यहरुले निश्चित अवधि तोकी सम्झौता गरी राखिने बचतलाई आवधिक बचत भनिन्छ।यस बचतमा न्युनतम तोकिएको रकमदेखि आफ्नो क्षमताअनुसारको रकम जम्मा गर्न सकिनेछ।१८० दिनदेखि ३ वर्षसम्मको लागि यो बचत जम्मा गर्न सकिनेछ।

**झ) विशेष बचत –**

संस्थाले ल्याएका विशेष कार्याक्रमका लागि आवश्यक रकम परिपूर्ति गर्न विशेष बचतको स्किम ल्याईएको हुन्छ । विशेष बचतमा निश्चित अवधि, रकम,र व्याजदर तोकिएको हुन्छ।

अवधि समाप्त पछि एकमुष्ठ सांवा र व्याज भुक्तार्ना गरिनेछ अथवा साधारण बचतमा रकमान्तर गरिनेछ।

## कर्जा कार्यक्रम

क) सापटी कर्जा –

ख) व्यापार कर्जा

ग) वाणिज्य कर्जा
घ) व्यावसायिक कर्जा
ङ) घरजग्गाकर्जा
च) शैक्षिक कर्जा
छ) कृषि कर्जा
ज) आवधिक बचत धितो कर्जा

**कर्जा माग आवेदन प्रक्रिया एवं आवश्यक शर्तहरू :**

१ संस्थाका सदस्यहरुले मात्र विनियम र ऋण नीतिको अधिनमा रही देहाय बमोजिमका प्रक्रिया पूरा गरी ऋण लिन सक्नेछन् ।

२. संस्थाको सदस्य भई ६ महिनासम्म कारोवार गरेको हुनुपर्ने ।

३. ऋण लिने मितिसम्मको सदस्यता बचत (मासिक) मा रकम जम्मा गरेको हुनुपर्ने ।

४. पेशा व्यवसायको निरन्तरता हुनुपर्ने ।

५. नागरिकताको फोटोकपी र हालसालै खिचेको २ प्रति फोटो ।

६. तोकिएको ढाँचामा फाराम भरेको हुनुपर्ने ।

७. संस्थाको न्युनतम २५० कित्ता शेयर खरिद गरेको हुनुपर्ने । धितो जमानतको आधारमा ऋण लगानी गर्दा भने कम्तिमा ५०० कित्ता शेयर खरिद गरेको हुनुपर्ने ।

८. सदस्यको ऋण निवेदन स्वीकृत पूर्व निज र निजको एकाघरका परिवारको संस्थाको ऋण कारोवार विवरण र व्यवहार लगायतका ऋण इतिहास विश्लेषण गर्दा वित्तिय अनुशासनमा रहेको हुनुपर्ने ।

९. एउटा समूहको एकतिहाई रकम र समयावधि सकिएपछि मात्र अर्को समूहको कर्जाका लागि आवेदन गर्न सकिनेछ ।

१०. ऋण माग गर्दा यसभन्दा अघि कुनै प्रकारको ऋण लिएको भए सो को साँवा व्याज चुक्ता गरेको हुनुपर्नेछ ।

११. कुनै सदस्यको साक्षी जमानी बसी भाखा अवधि नाघेको खण्डमा सो ऋण असुल उपर नभई कर्जा लगानी गरिनेछैन ।

१२. मासिक बचत बाहेक अन्य बचतमा पनि सहभागिता भएको हुनुपर्ने ।

१३. समय समयमा हुने संस्थाको नीति नियमको परिवर्तन तथा संसोधनलाई मान्न तयार भएको हुनुपर्ने।

१४ ऋण माग गर्ने समयमा फौजदारी तथा अन्य कुनै कानुनी अभियोग लागेर दोषी प्रमाणीत भएको हुन नहुने ।

१५. अन्य वित्तिय संघ संस्थामा कारोवार गरी कालो सूचिमा परेको हुननहुने ।

१६. एकाघर परिवारका बढिमा २ जना सदस्यले मात्र एकैपटक कर्जा आवेदन गर्न सक्नेछन् ।

**धितो कर्जा लगानी गर्दा आवश्यक पर्ने कागजातहरु :**

१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी हालसालै खिचेको पासपोर्ट साईजको फोटो ।

२. जग्गाधनी प्रमाणपत्र (लालपूर्जा) को सक्कल प्रति ।

३. मालपोत तिरेको रसिदको सक्कल प्रति ।

४. धितो राख्ने जग्गाको चारकिल्ला प्रमाणित ।

५. संस्थामा रहेको बचत विवरण ।

६. सामूहिक जमानत दिने सदस्यको संस्थामा रहेको बचतको विवरण ।

७. धितो राख्ने जग्गाको ब्लूप्रिन्ट नक्सा र ट्रेश नक्सा ।

८. घर भए घरको नक्सा पास विवरण ।

९. घर निर्माण सम्पन्न प्रमाणपत्र ।

१०. घरको विमा गरेको विमालेख ।

११. दश लाख भन्दा माथिको ऋणको लागि आधिकारीक मूल्याङ्कनकर्ताले गरेको घर,जग्गाको मुल्याङ्कन खुलेको विवरण ।

१२. व्यवसाय दर्ता गरेको भए नविकरण प्रमाणपत्रको प्रतिलिपी ।

१३. व्यवसायको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

१४. धितोको स्रोत राजीनामा,बकसपत्र,अंशवण्डा आदि ।

१५. अन्य कागजात भए खुलाउने ।

धितो कर्जाको लागि रोक्का फुकुवा दस्तुर,फिल्ड भिजिट दस्तुर,मूल्याङ्कन

दस्तुर आदि ऋणी स्वयंले तिर्नु बुझाउनुपर्नेछ।

दश लाख भन्दा माथिको कर्जाको हकमा इन्जिनिएरवाट आधिकारीकमूल्याङ्कन गरेको विवरण उपलब्ध गराउनुपर्नेछ।

**३. विविध कार्यक्रम -**

क. नियमित तालीम,गोष्ठी र भ्रमण।
ख. बाल,महिला र ज्येष्ठ सदस्य,एकल महिला कार्यक्रम।
ग. शैक्षिक पुरस्कार, अपाङ्ग शैक्षिक सहयोग,स्वास्थ्य जांच
घ. स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम।
ङ. विप्रेषण सेवा।
च) पर्यावरण कार्यक्रम।
छ) शोक श्रद्धान्जली कार्यक्रम।

**सदस्य सेवा,सुविधा एवं शर्तहरू :**

- जेष्ठ सदस्य एवं एकल महिला सदस्य भत्ता वितरण
- महिला सदस्य सुत्केरी भत्ता वितरण
- सदस्य हितकोष राहत वितरण
- दुर्घटना विमा रकम वितरण
- प्राकृतिक प्रकोप उद्धारकोष राहत
- अपार्ग शैक्षिक सहयोग प्रदान
- बाल बचतकर्तालाइ भ्रमण तथा अवलोकन
- सदस्यलाई सहकारी अवलोकन भ्रमण
- सदस्य औषधोपचार सहयोग।
- असल सदस्यता कार्ड वितरण
- वर्ष सदस्य घोषणा

**जेष्ठ एवं एकल सदस्य भत्ता प्राप्त गर्नका लागि पुरा गर्नुपर्ने शर्तहरू :**

- तोकिएको उमेर हद पुरा भएको हुनुपर्ने।
- आफु जेष्ठ भएको प्रमाण सहित कार्यालयमा आवेदन दिनुपर्ने।
- निवेदन प्राप्त पछि प्रक्रिया पुरा भएमा १ वर्ष अथवा भत्ता वितरण गरिने दिन जुन

पहिला आउछ सोहिमा सहभागी गराइने ।

- भत्ता प्राप्त गर्नका लागि सहकारी संस्थामा नियमित कारोबार भएको हुनुपर्ने ।
- मासिक बचतमा नियमित रुपमा रकम जम्मा भएको हुनुपर्ने ।
- एकल महिलाको हकमा नयाँ प्रवेशी सदस्यको लागि सुविधा प्राप्त गर्न सदस्य भएको ३ वर्ष पुरा हुनुपर्ने ।
- वार्षिक रुपमा तोकिएको रकम प्रदान गरिने ।
- अन्य बचत तथा ऋण सहकारी संस्थासँग कारोवार नभएको हुनुपर्ने अथवा दोहोरो सदस्यता नभएको हुनुपर्ने ।
- ऋण लिएर ऋणको भाका अवधि नाघेको अथवा तरताकेदामा परेको हुन नहुने ।

**सुत्केरी भत्ता प्राप्त गर्दा पूरा गर्नुपर्ने शर्तहरु :**

- सुस्केरी भएको ६ महिनाभित्र नवजात शिशु सहित कार्यालयमा उपस्थित हुनुपर्ने ।
- कार्यालयमा आउदा जन्मदर्ता प्रमाणपत्र (द्यष्चतज ऋभचतषष्अबतभ) पेश गर्नुपर्ने ।
- सहकारी संस्थासँग नियमित कारोबार भएको हुनुपर्ने ।
- मासिक तोकिएको रकम जम्मा भएको हुनुपर्ने ।
- मासिक बचतमा ३ महिना भन्दा बढी समय रकम जम्मा नभएको पाइएमा सो सुविधा उपलब्ध गराइने छैन ।
- एकै प्रकृतिका सहकारी सस्ंथाको सदस्य भई दोहोरो सदस्यता नभएको हुनुपर्ने ।
- महिला सदस्यले सदस्यता अविधि भरमा बढिमा २ पटक मात्र सो सुविधा उपभोग गर्न पाउने छन् ।
- सुत्केरी महिलाले एक पटकमा तोकिएको रकम सुत्केरी भत्ता प्राप्त गर्नेछन् अथवा सोही समयमा नवजात खाता खोलेर बच्चाको नाममा जम्मा पनि गर्न सक्नेछन् ।

**सदस्य राहत प्राप्त गर्न पूरा गर्नुपर्ने शर्तहरु**

सदस्यको मृत्यु भई सदस्यता बचत चालु रहेको अवस्थामा -मासिक (सदस्यता) बचतमा रहेको तोकिएको रकम बराबर सदस्यको परिवारलाई राहत वा क्रियाखर्च उपलब्ध गराईने ।

- सो रकम प्राप्त गर्नका लागि संस्थामा सदस्य भई नियमित कारोवार भएको हुनुपर्ने ।
- मासिक बचत नियमित रुपमा जम्मा गरिएको हुनुपर्ने ।
- ३ महिना भन्दा बढी मासिक बचतमा रकम जम्मा नभएको खण्डमा सो सुविधा उपलब्ध गराइने छैन ।
- मृत्यु दर्ता र नाता प्रमाणीतको प्रमाणपत्र पेश गरी परिवारले रकमको लागि निवेदन पेश गर्नुपर्ने ।
- उपचार खर्च प्राप्त भइसकेको सदस्यको हकमा मृत्युपश्चात मासिक बचतको( सदस्य राहत) रकम वरावरको सुविधामा सहभागि गराईने छैन ।
- आफै ऋणी भई ऋण तिर्न बाँकी रहेमा अथवा साक्षी जमानी बसी साक्षी जमानीले ऋणको भाका नघाएर वा नतिरेको खण्डमा सुविधा वापत प्रदान गरिने रकम सोही ऋणमा कट्टा गरिने छ ।

**दुर्घटना बिमा :**

सदस्यहरुको लागि रु १ लाख बराबरको दुर्घटना बिमाको व्यवस्था गरिएको छ । सो सुविधा प्राप्तको लागि तपशिल बमोजिमको शर्त पुरा गरेको हुनुपर्नेछ ।

- प्रत्येक वर्ष सदस्यता शुल्क वापत रु १००/- खाताबाट कट्टा भएको हुनुपर्नेछ ।
- सहकारी संस्थामा नियमित कारोबार भएको हुनुपर्ने ।
- मासिक बचतमा नियमित रुपमा रकम जम्मा भएको हुनुपर्ने ।
- ३ महिना भन्दा बढी मासिक बचतमा रकम जम्मा नभएको खण्डमा सो सुविधा उपलब्ध गराइने छैन ।
- आफै ऋणी भई ऋण तिर्न बाँकी रहेमा अथवा साक्षी जमानी बसी साक्षी जमानीले ऋणको भाका नघाएर नतिरेको खण्डमा सुविधा वापत प्रदान गरिने रकम सोही ऋणमा कट्टा गरिने छ ।

**प्राकृतिक प्रकोप उद्धार कोष :-**

प्राकृतिक प्रकोपमा परी सदस्यको जनधनको क्षती भएमा राहत उपलब्ध गराउने उद्देश्यका साथ प्राकृतिक प्रकोप उद्धारकोषको परिकल्पना गरिएको हो ।यो कोषको स्रोत भने सदस्यहरुले प्रत्येक वर्ष रु १००। कोष वापतको रकम योगदान गरेपश्चात जम्मा

हुनेछ।

- प्राकृतिक प्रकोप कोषको रकम प्राप्त गर्न प्राकृतिक प्रकोप (बाढी,पहिर ो,आगलागी, भूकम्प,अतिबृष्टि,अनावृष्टि ) आदिद्धारा क्षति पूगेको प्रमाणित कागजात पेश गरी निवेदन दिनुपर्ने।
- सञ्चालक समितिद्धारा गठित कार्यदलको क्षतीको विवरण सिफारिस पश्चात सो को अध्ययन गरी क्षतीका आधारमा तोकिएको राहत उपलब्ध गराउने।
- न्युनतम रकम रु १०,०००। देखि क्षतीको आधारमा अधिक रकम रु ५०,०००। सम्म उपलब्ध गराउन सकिने।
- सहकारीको कोषमा रहेको रकम प्राप्त गर्न हरेक वर्ष रु १००। सदस्यले कोषमा योगदान गरेको हुनुपर्ने।

**अपाङ्ग शैक्षिक सहयोग** :

सदस्यका छोरा छोरी जो अपाङ्ग हुनुहुन्छ र विद्यालय पठाईरहेको छ तीनै बच्चाहरुको शिक्षाको लागि शैक्षिक प्रोत्साहन स्वरुप सहकारी संस्थाले ३ बर्षसम्म तोकिएको रकम प्रदान गरी अपार्ंं शैक्षिक सहयोग कार्यक्रम लागु गरेको छ।

- यो सुविधा उपयोगको लागि आफ्ना छोराछोरी अपार्ंं भएको प्रमाण पेश गर्नुपर्नेछ।
- विद्यालय पठाईरहेको अथवा अध्यनमा सामेल गराईएको हुनुपर्नेछ।
- सहयोग प्राप्त गर्ने विद्यार्थीको अभिभावक (सदस्य) को नियमित कारोवार भएको हुनुपर्ने।

**बालबचतकर्ता १६ वर्ष मुनिका** :

- बालबचतकर्ता बालबालिकालाई मनोरञ्जनात्मक , बौद्धिक कार्यक्रम एवं बालभ्रमण मा सामेल गराइने छ।
- बालबचतकर्ताको नियमित बचत भएको हुनुपर्ने छ।
- मासिक न्यूनतम रु १०००/- जम्मा नभएको बालबालिकालाई सो कार्यक्रममा सहभागी गराइने छैन।
- **SEE** उत्कृष्ट बालबचतकर्तालाई पुरस्कृत गरिने छ।

## सदस्यलाई सहकारी अवलोकन भ्रमण :

- सदस्यहरुलाई उपत्यका भित्र अथवा बाहिर बर्षको एकपटक सहकारी अवलोकन भ्रमण गराइने ।
- भ्रमणमा सहभागिताको लागि संस्थामा नियमित कारोवार गरेको हुनुपर्ने ।
- भ्रमण जान,हेर्न र सिक्न उत्सुक सदस्य हनुपर्ने ।
- सहकारी संस्थाको गतिविधिका वारेमा जानकार हुनुपर्ने ।
- आफुले जानेका र सिकेका राम्रा कुराहरु आफ्नो संस्थामा लागु गर्न सुझाव दिने ।
- सहकारी संस्थाले गरेको अघिल्लो भ्रमणहरुमा सामेल नभएको हुनुपर्ने ।
- कम्तिमा ३ बर्षको फरकमा मात्र भ्रमणका लागि पून आवेदन गर्नसक्ने ।

## सदस्य औषधोपचार सहयोग :-

- प्राणघातक वा दिर्घरोग लागि उपचार गर्नको लागि रकमको आवश्यक परेको खण्डमा पनि हस्पिटलको उपचार गराइरहेको कागजात पेश गरी अग्रिम रुपमा तोकिएको रकम उपचार खर्च उपलब्ध गराइने ।
- उपचार खर्च प्राप्त भइसकेको सदस्यको हकमा मृत्युपश्चात मासिक बचतको( सदस्य राहत) रकम वरावरको सुविधामा सहभागि गराईने छैन ।
- औषधोपचार खर्च प्राप्त गर्नको लागि सदस्यता कायम रहनको लागि पूरा गर्नुपर्ने शर्तहरु भने पूरा गरेको हुनुपर्नेछ ।

## असल सदस्यता कार्ड वितरण :-

- सहकारी संस्थाको आर्थिक कारोवार देखि लिएर अन्य सामाजिक गतिविधिमा नियमित र सक्रिय सहभागिता जनाउने सदस्य नै असल सदस्य हो ।
- असल सदस्य हुनका लागि मासिक बचत देखि लिएर अन्य बचतमा पनि सहभागी भएको हुनुपर्ने ।
- आवश्यक हुँदा संस्थावाट कर्जाको उपभोग गर्ने साथै शर्त अनुसारको नियमित किस्ता र व्याज तिरेको हुनुपर्ने ।
- सहकारी संस्थाको सेवा तथा बस्तुको नियमित प्रयोग गर्ने ।
- संस्थाको निति नियम एवं कारोवारको वारेमा उचित सल्लाह प्रदान गर्ने

- सकरात्मक सोच भएको ।
- संस्थाको कार्यक्रमहरुमा उपस्थित भई आफ्नो राय प्रस्तुत गर्ने ।

नोट :- असल सदस्यता कार्ड प्राप्त सदस्यहरुले कर्जा लगानीमा निश्चित तोकिएको सिमा र अवधिमा विषेश सहुलियत प्राप्त गर्नेछन् । सुविधाको सहि ढंगले प्रयोग नगरेमा असल सदस्य कार्ड निष्कृय रहनेछ ।

**वर्ष सदस्य घोषणा :-**

समग्र सहकारीको हित प्रवर्द्धनका खातिर सहकारी संस्थाका सदस्यहरु मध्ये वाटै एक जना सदस्य जो संस्थाप्रति लगाव र झुकाव वोकेका व्यक्तिलाई तोकिएको सेवा प्रदान गरी १ वर्षका लागि वर्ष सदस्य घोषणा गर्ने गरिएको छ ।

- वर्ष सदस्य हुनका लागि समाजमा घुलमिल भई आफ्नो व्यक्तित्व स्थापित गर्न सक्ने व्यक्ति हुनुपर्ने ।
- अधिकांश सदस्यद्धारा परिचित ।
- संस्था र समग्र सहकारीको निति र व्यवस्थाको वारेमा जानेको अथवा सिक्न र जान्न इच्छुक व्यक्ति ।
- सहकारी संस्थाको सभा समारोहमा उपस्थित हुने ।
- सहकारी संस्था सदस्य रहेको संघ /संस्थाको औपचारिक अनौपचारिक कार्यक्रममा प्रतिनिधिको रुपमा सहभागिता जनाउन इच्छुक ।
- सहकारी संस्थाको गतिविधिका वारेमा जानकारी राखी अन्य सदस्यहरुलाई प्रचार-प्रसार गर्ने ।
- आवश्यक रहदा कार्यसमितिको बैठकमा उपस्थित भई उचित सुझाव प्रदान गर्ने ।
- सकरात्मक सोच वोकेको ।
- संस्थामा आवश्यक गतिविधि गर्ने र गर्न लगाउने ।

**निशुल्क सदस्य शिक्षा एवं स्वास्थ्य सेवा :-**

- सदस्यलाई हप्ताको दुईपटक स्वास्थ परीक्षण सेवा उपलब्ध गराइएको छ ।
- स्वास्थ्य समस्या र समाधानको उपायवारे परामर्श समेत प्रदान गर्ने गरिएको छ ।
- एकल अथवा संयुक्त रुपमा वेलावेलामा विभिन्न किसिमको स्वास्थ्य शिविर

सञ्चालन गरी सदस्यलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ।

- वचत , ऋण एवं अन्य समसमायिक कार्यक्रममा सहभागिताको आधारमा सदस्यलाई शिक्षा तथा तालिममा सहभागी गराइनेछ।

## सहकारी संस्थाको सदस्य भएर गर्न हुने र गर्न नहुने

### गर्नुपर्ने

१ सदस्यता शुल्क बुझाउनु पर्ने।
२ मासिक बचत गर्नु पर्ने।
३ आर्थिक कारोवार गर्नु पर्ने।
४ संस्थाका कार्यक्रममा सहभागी हुनु पर्ने।
(साधारण सभा, वार्षिक कार्यक्रम, सहकारी दिबश)
५ सहकारी सम्बन्धि जानकार बन्नु पर्ने।
६ सहकारी कार्यक्रमको प्रचार गर्ने र जिम्मेवारी लिने।
७ सभ्य, इमान्दार र सु-संस्कृत बन्ने।
८ निरन्तर व्यापार व्यवसाय गरेको हुनुपर्ने।
९ सकरात्मक सोच वोकेको हुनुपर्ने।

### गर्न नहुने

१ बेरुजु अथवा तरताकेतामा पर्ने।
२ खराव आचरण एवं बानी लिने र नछोड्ने।
३ संस्थाको हित प्रतिकुल गर्ने वा गर्न लगाउने।
४ निस्कृय रहने।
५ सहकारीका नीति एवं कार्यक्रम अस्वीकार गर्ने।
६ जिम्मेवारी बहन नगर्ने/पन्छिने।
७ एउटै प्रकृतिका एकै जिल्लामा अन्य धेरै सहकारीमा संलग्न हुने।

## सहकारीका अन्तराष्ट्रिय सिद्धान्तहरू :

१. स्वेच्छिक तथा खुला सदस्यता **(Voluntary and Open Membership)**
२ सदस्यहरुद्धारा प्रजातान्त्रिक नियन्त्रण **(Democrative Member Control)**
३. सदस्यको आर्थिक सहभागिता **(Member's Economic Participation)**
४. स्वायत्तता र स्वतन्त्रता **(Autonomy and Independence)**
५. शिक्षा तालिम र सूचना **(Education,Traning and Information)**
६. सहकारी संस्थाहरु विच सहयोग **(Cooperation Among Cooperatives)**
७. समुदाय प्रति चासो **(Voluntary and Open Membership)**

## किताबको प्रत्येक पानाको तल तल कोटेशन राख्ने

कोटेशन

१) विश्व अर्थतन्त्रले स्विकार गरेको त्रिभुजीय अवधारणामध्ये एक भुजा सहकारी क्षेत्र हो।
२) बचत नै विकासको शक्तिशाली साधन स्रोत हो।
३) सहकारी आर्थिक संरचना र आर्थिक क्रियाकलाप, सामाजिक न्याय र उत्पाद(कत्व बृद्धिमा आधारित संरचना हो।
४) ऋण लिनु गरिवी होइन सिर्जनशिल कार्य गर्नु हो।
५) इमान र स्वाभिमान गुमाएका सदस्यवाट समस्यामात्र सिर्जना हुन्छ।
६) मानवताको सवैभन्दा ठूलो हतियार आत्मा विश्वास हो।
७) धन कमाएर होइन,संचित गरेर धनी हुने हो।
८) हामी कहाँवाट आयौ त्यो ठूलो कुरो भएन, अव हामी कहाँ जादैछौं त्यो महत्वपूर्ण हुन्छ।
९) परिश्रम र तत्परता व्यवसायका प्राण हुन्।
१०) हाम्रो उद्देश्य कहिल्यै नलड्नु होइन बरु लडेपछि उठ्न तयार हनु हो।
११) विद्धानको पहिलो चिनारी विनम्रता हो।
१२) गर्न सकिन्छ जे पनि हामी जुटेमा,हुदैन केही पनि हामी फुटेमा।

Regd No.: 523/056/057 PAN No.: 303414201

तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
TARAKARI PHALAFOOL SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
कालिमाटी, काठमाडौं, फोनः ५१२३१२९

Regd No.: 523/056/057 PAN No.: 303414201

# तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

TARAKARI PHALAFOOL SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

कालिमाटी, काठमाडौं, फोन: ५१२३१२९